# निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड

# Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited

"नेपाल राष्ट बैंकबाट "घ" बर्गको इजाजतपत्र प्राप्त सस्था, ७७ जिल्लामा शाखा भएको"
(साविकः निर्धन उत्थान बैंक लिमिटेड)
Naxal, Kathmandu, Nepal, Phone No.: 01-4413711, Email: info@nirdhan.com.np

## UNAUDITED FINANCIAL RESULTS (Quarterly)

**As at the end of Fourth Quarter (31/03/2077) of the fiscal year 2076/077 (2019/2020)**

Rs. In '000'

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital and Liabilities** | **24,845,389** | **24,469,885** | **22,825,936** |
| 1.1 | Paid up Capital | 1,500,000 | 1,500,000 | 1,200,000 |
| 1.2 | Reserve and Surplus | 1,850,230 | 1,616,892 | 1,622,081 |
| 1.3 | Borrowings | 6,945,133 | 6,889,373 | 7,694,287 |
| **1.4** | **Deposits** | **13,341,629** | **12,826,592** | **11,048,944** |
| 1.5 | Income Tax Laibility | 121,862 | 202,831 | 316,932 |
| 1.6 | Other Liabilities | 1,086,535 | 1,434,196 | 943,692 |
| **2** | **Total Assets** | **24,845,389** | **24,469,885** | **22,825,936** |
| 2.1 | Cash and Bank Balance | 467,836 | 555,554 | 354,194 |
| 2.2 | Money at Call and Short Notice | 2,162,438 | 712,285 | 1,244,636 |
| 2.3 | Investments | 600,466 | 920,466 | 202,466 |
| **2.4** | **Loan and Advances** | **20,150,818** | **20,737,310** | **19,639,575** |
| 2.5 | Fixed Assets | 186,139 | 201,271 | 192,023 |
| 2.6 | Other Assets | 1,277,692 | 1,342,999 | 1,193,043 |
| **3** | **Profit and Loss Account** | **This Quarter Ending** | **Previous Quarter Ending** | **Corresponding Previous Year Quarter Ending** |
| 3.1 | Interest Income | 3,162,121 | 2,407,227 | 3,056,749 |
| 3.2 | Interest Expenses | 1,668,883 | 1,233,991 | 1,477,485 |
| | **A. Net Interest Income** | **1,493,238** | **1,173,236** | **1,579,264** |
| 3.3 | Fees, Commission and Discount | 21,705 | 13,806 | 21,264 |
| 3.4 | Other Operating Income | 370,560 | 355,933 | 469,601 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| | **B. Total Operating Income** | **1,885,503** | **1,542,975** | **2,070,129** |
| 3.6 | Staff Expenses | 757,208 | 584,204 | 663,488 |
| 3.7 | Other Operating Expenses | 190,209 | 104,149 | 129,454 |
| | **C. Operating Profit Before Provision** | **938,086** | **854,622** | **1,277,187** |
| 3.8 | Provision for Possible Losses | 490,969 | 105,100 | 130,939 |
| | **D. Operating Profit** | **447,117** | **749,522** | **1,146,248** |
| 3.9 | Non Operating Income/ Expenses (Net) | 3,004 | 1,706 | 14,068 |
| 3.10 | write Back of Provision for Possible Loss | - | - | - |
| | **E. Profit From Regular Activities** | **450,121** | **751,228** | **1,160,316** |
| 3.11 | Extraordinary Income/ Expenses (Net) | 1,220 | - | 1,770 |
| | **F. Profit before Bonus and Taxes** | **451,341** | **751,228** | **1,162,086** |
| 3.12 | Provision for Staff Bonus | 45,134 | 75,123 | 105,644 |
| 3.13 | Provision for Tax | 121,862 | 202,831 | 316,932 |
| | **G. Net Profit/ Loss** | **284,345** | **473,273** | **739,509** |
| **4** | **Ratios** | **This Quarter Ending** | **Previous Quarter Ending** | **Corresponding Previous Year Quarter Ending** |
| 4.1 | Capital Fund to RWA | 12.72% | 11.67% | 12.20% |
| 4.2 | Non Performing Loan (NPL) To Total Loan | 1.83% | 1.76% | 1.17% |
| 4.3 | Total Loan Loss Provision to Total NPL | 230% | 127% | 156% |
| 4.4 | Cost of Funds | 8.55% | 8.56% | 8.70% |
| 4.5 | Credit to Deposit Ratio | 151% | 162% | 178% |

* The above figures are subject to change upon otherwise instructions from Statutory Auditors & Supervising Authority.

| ब्याजदर | |
|---|---|
| **निक्षेपमा :** बार्षिक ७% देखि १०.५०% सम्म | **कर्जामा :** बार्षिक १०% देखी १४% सम्म |
| श्रावण ७, २०७७ देखि बार्षिकः ६% देखि ९% सम्म | श्रावण १४, २०७७ देखि बार्षिकः १०% देखि १५% सम्म |

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)**

## आ.ब. २०७६/०७७ को चौथो त्रैमासिक अवधिको विवरण

**१. वित्तीय विवरणः**

**क.** त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

**ख. प्रमुख वित्तीय अनुपातहरु**

| प्रति शेयर आम्दानी (वार्षिक) | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कूल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| १८.९६ | ५३.५३ | २२३.३५ | १६५६.३६ | ११.२०% |

**२. व्यवस्थापकीय विश्लेषणः**

**क. त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरणः** आ.ब. २०७६/०७७ को चौथो त्रैमासिक अवधिमा संस्थाको मौज्दात, तरलता, कर्जा लगानी र बचत परिचालनमा कोभिड-१९ को माहामारीले गर्दा व्यवस्थापनले आँकलन गरे अनुसारको नतिजा प्राप्त गर्न सकिएको छैन । ग्राहक तथा सदस्यहरूलाई यस त्रैमासमा ब्याज छुट गरेका कारण नाफा नोक्सान हिसाबमा असर परेको छ । तथापि सूचंकाकहरू सकारात्मक रहेका कारण आगामी दिनमा सुधार गर्न सकिनेमा व्यवस्थापन दृढ छ ।

**ख. आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरणः** यस वित्तीय संस्थाले देशका ७७ वटै जिल्लामा १८१ शाखा कार्यालय मार्फत सेवा प्रदान गर्दै आईरहेको छ । संस्थाले कार्यक्रम विस्तार गर्दा लघुवित्त सेवाको पहुँच नपुगेका दुर्गम स्थानीय तहलाई प्राथमिकतामा राखिएको छ । यस त्रैमासको अन्त सम्ममा यस वित्तीय संस्थाले कूल ३,७४,५३५ बिपन्न परिवारमा लघुवित्त सेवा प्रदान गरेको छ ।

ग्राहक सदस्यहरूको उद्यमशीलता विकास गर्न व्यवसायिक साक्षरता तथा सीप विकास तालिम प्रदान गर्ने कार्य प्राथमिकताका साथ निरन्तर भैरहेकोमा हाल आएर विश्वब्यापी रूपमा फैलिएको कोभिड-१९ को माहामारीको कारणले निरन्तरता दिन कठीनाई भएको छ । कर्मचारीको क्षमतामा अभिबृद्धि गरी कार्यकुशलतामा अभिबृद्धि गर्न, उत्पादकत्व बृद्धि गर्न, तथा महामारी पश्चात कार्यक्रम लाई थप प्रभाबकारीरूपमा संचालन गर्न कर्मचारीलाई आवश्यक तालिम तथा अन्तरक्रियामा संलग्न गराई कर्जा तथा कार्यक्रमको गुणस्तर कायम गर्न जोड दिईने छ । सेवाग्राहीको समय सापेक्ष चाहना र आवश्यकता अनुसार सेवालाई परिस्कृत गरि थप ग्राहकमैत्री हुन व्यवस्थापन प्रतिबद्ध छ ।

**ग. विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरणः** हाल विश्वव्यापीरूपमा फैलिएको कोभिड-१९ को महामारी तथा संक्रमण को कारणले संस्थाको कारोवार सुचारू रूपमा संचालन गर्न गाह्रो छ । जसका कारण संस्थाको अपेक्षित लक्ष्य, नाफा तथा नगद प्रवाहमा असर पर्ने देखिन्छ । कर्जा सापटीको ब्याजदर कटौती गरिएको सोही अनुसार लागत कम गर्न कठिनाई भएका कारण आगामी दिनमा नाफा नोक्सान हिसाबमा असर गर्ने देखिन्छ। लघुवित्त संस्थाहरूमा देखिएको कर्जाको दोहोरोपनाले ग्राहकको क्षमता भन्दा बढी कर्जा लगानी र यसको सदुपयोगिता आदि कारणले संस्थालाई असर पर्ने देखिन्छ । तथापी कोभिड-१९ को नियन्त्रण पश्चात संस्थाको बिगतको अनुभवलाई प्रयोग गरी जोखिम न्यून गर्न सकिने कुरामा व्यवस्थापन विश्वस्त छ ।

**३. कानुनी कारवाही सम्बन्धी विवरणः**

**क.** यस अवधीमा संस्थाले कसैको बिरूद्धमा कुनै मुद्दा दायर गरेको छैन र संस्थाको बिरूद्धमा मुद्दा दायर भएको कुनै सूचना प्राप्त भएको छैन ।

**ख.** संस्थाका संस्थापक वा संचालकले संस्थापक वा संचालकको बिरूद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

**ग.** कुनै संस्थापक वा संचालक बिरूद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

**४. संगठित संस्थाको सेयर कारोवार सम्बन्धी विश्लेषणः**

**क.** नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकबाट जारी वर्तमान नीतिहरू, हालको राजनैतिक, आर्थिक अवस्थाका कारण धितोपत्र बजारलाई असर पारी बजारमा सामान्य उतारचढाव भएतापनि यस संस्थाको शेयर कारोबार संतोषजनक नै रहेको छ ।

**ख.** नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेभसाइट www.nepalstock.com अनुसार गत त्रैमासिक अवधीमा यस संस्थाको शेयरको कारोवार निम्नानुसारले भएको देखिन्छ ।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोवार दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| १०५४ | ८७० | १०१५ | १३ | ४५४ |

**५. समस्या तथा चुनौतीः**

**क.** विश्वव्यापीरूपमा फैलिएको कोभिड-१९ को महामारी र संक्रमण नियन्त्रण गर्न गरिएका प्रयासहरूले समग्र अर्थतन्त्रनै प्रभावित परेकोर त्यसमा पनि बिपन्न तथा न्युन आय भएका परिवारका सदस्य आवद्ध हाम्रो कार्यक्रममा दिर्घकाल सम्म बृहत तथा गहिरो प्रभाव पर्ने देखिन्छ ।

**ख.** दुर्गम क्षेत्रमा सेवा विस्तार गरि थप बिपन्न परिवारमा सेवा प्रबाह गर्न आवस्यक पूर्वाधारको चुनौती ।

**ग.** लघुवित्त संस्थाहरू थपिने र शाखा विस्तारको क्रम जारी रहेकोले सदस्यको दोहोरापनाबाट कर्जा सदुपयोगीतामा हुने समस्या ।

**६. संस्थागत सुशासनः**

संस्थागत सुशासन कायम गर्न यो वित्तीय संस्था सदैव प्रतिबद्ध रहेको छ । यस संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरू पालना गर्नुको साथै प्रचलित ऐनहरूः तथा कानुनहरूको परिपालना गरिएको छ । संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, वित्तीय सेवा निर्देशिका, आन्तरिक लेखापरीक्षण निर्देशिका, व्यवस्थापन सूचना प्रणाली नीति, सम्पत्ति दायित्व व्यवस्थापन नीति, लगानी नीति लगायतका नीति, नियम, निर्देशिकाहरू बनाई पालना गरिएको छ । त्यसै गरी लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुबिधा समिति र सम्पत्ती सुद्धिकरण अनुगमन समिति गठन गरी कार्यान्वयनमा ल्याइएको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषणः**

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।